मिति २०७३ चैत्र२९ गते सम्मानित सर्वोच्च अदालतमा प्र.ना.म.नि. नवराज सिलवालले दिएको रिट निवेदनसाथ सम्लग्न कार्यसम्पादनमुल्यांकन प्रतिलिपिहरुको भौतिक रुपमा गरिएको

सुक्ष्म अध्ययन प्रतिवेदन

१. पृष्ठभूमी

प्रहरी नायव महानिरीक्षक नवराज सिलवालले सम्मानित सर्वोच्च अदालतमा दिएको निवेदनमा आफ्नो र विपक्षी भनिएका हाल नेपाल प्रहरीका प्रहरी महानिरीक्षक प्रकाश अर्यालको (तत्कालिन प्र.ना.म.नि.) विगत चार आर्थिक वर्षको कार्यसम्पादन मुल्यांकन (का.स.मु.) का प्रतिलिपिहरु सम्लग्न राखी पेश गरिएकोर रिट निवेदनमा २०७२।०४।०१ देखि २०७३।०३।३१ गतेसम्मको निवेदक नवराज सिलवालको का.स.मु. मन्त्रिपरिषदले परिवर्तन गरेको भनी अदालत समक्ष ४० अंक प्राप्त गरेको का.स.मु.को छायाँप्रति संलग्न राखेको देखिएकोले उक्त का.स.मु.हरुको सुक्ष्म अध्ययन गरी तीनको सत्यता पत्ता लगाउनु आवश्यक भएको हुँदा सुक्ष्म रुपमा अध्ययन गरी यो प्रतिवेदन तयार पारिएको छ।

२. का.स.मु.को प्रकृति

रिट निवेदनसाथ संलग्न २०६९।०४।०१ गतेदेखि २०७०।०३।३१ गतेसम्मको प्रहरी नियमावली२०४९ को भाग १ बमोजिम र अन्य तीन वर्ष (२०७०।०४।०१-२०७१।०३।३१, २०७१।०४।०१-२०७२।०३।३१ र २०७२।०४।०१-२०७३।०३।३१) का प्रहरी नियमावली २०७१ को अनुसूची ७ बमोजिमकाका.स.मु. फारमहरु मध्ये रिट निवेदक प्र.ना.म.नि. नवराज सिलवालको २०६९।७०, २०७०।७१ र २०७१।७२ को गरी तीन आर्थिक वर्षको का.स.मु.हरु र तत्कालिन प्र.ना.म.नि. प्रकाश अर्यालको २०६९।७०, २०७०।७१, २०७१।७२ र २०७२।७३ गरी चारै आर्थिक वर्षको का.स.मु.हरुका सम्बन्धमा कुनै विवाद नभएको तर रिट निवेदक प्र.ना.म.नि. नवराज सिलवारको आर्थिक वर्ष २०७२।७३ को का.स.मु.को सम्बन्धमा मात्र विवाद भएकोले रिट निवेदक प्र.ना.म.नि. नवराज सिलवाल र तत्कालिन प्र.ना.म.नि. प्रकाश अर्यालको आर्थिक वर्ष २०७२।७३ को का.स.मु.हरुको अध्ययन गर्दा निम्न कुराहरु देखिन आएको:

२.१ २०७२।०४।०१ गतेदेखि २०७३।०३।३१ गतेसम्मको तत्कालिन **प्र.ना.म.नि. प्रकाश अर्याल**को चारपाने का.स.मु. मासुपरीवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिको मुल्यांकनको अंक; कारण र आधार; रपुनरावेदनकर्ताको नामथर, व्यक्तिगत नम्बर, दर्जा, कार्यालय र मिति हातले लेखेको पाइएको। सुपरीवेक्षकको नामथर, दर्जा, कार्यालय, मिति (गते बाहेक), र पुनरावलोकन समितिको नामथर, पद, परिचय/व्य.नं. लेख्न रवर स्ट्याम्पको प्रयोग भएको र बाँकी स्थानमा फर्म्याटअनुसार कम्प्युटरमार्फत कार्यालय वा छापाखानाको प्रिन्टरबाट प्रिन्ट गरिएको।

२.२ २०७२।०४।०१ गतेदेखि २०७३।०३।३१ गतेसम्मको **प्र.ना.म.नि. नवराज सिलवाल**को ६ पाने का.स.मु. मा सुपरीवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिको मुल्यांकनको अंक; कारण र आधार; र सुपरीवेक्षक (व्यक्तिगत नम्बर खाली) र पुनरावेदनकर्ताको व्यक्तिगत नम्बर र मिति हातले लेखेको पाइएको। पुनरावलोकन समितिको नामथर, पद, परिचय/व्य.नं. लेख्न रवर स्ट्याम्पको प्रयोग भएको र बाँकी स्थानमा फर्म्याटअनुसार कम्प्युटरमार्फत कार्यालय वा छापाखानाको प्रिन्टरबाट प्रिन्ट गरिएको।

३. **का.स.मु.को फन्टको तुलनात्मक अध्ययन**

रिट निवेदक प्र.ना.म.नि. नवराज सिलवालको आर्थिक वर्ष २०७२।७३ को विवादित का.स.मु. र तत्कालिन प्र.ना.म.नि. प्रकाश अर्यालको आर्थिक वर्ष २०७२।७३ को का.स.मु. मा भएका नेपाली फन्टहरुको अध्ययन गर्दा निम्न बमोजिम देखियो:

३.१ २०७२।०४।०१गतेदेखि २०७३।०३।३१ गतेसम्मको तत्कालिन प्र.ना.म.नि. **प्रकाश अर्यालको** प्रहरी नियमावली २०७१ बमोजिमको फारममा Kalimati (Unicode) फन्टको प्रयोग भएको देखिन्छ।

३.२ २०७२।०४।०१गतेदेखि २०७३।०३।३१ गतेसम्मको प्र.ना.म.नि. **नवराज सिलवालको** प्रहरी नियमावली २०७१ बमोजिमको विवादित का.स.मु. फारममा Utsaah (Unicode) र Kalimati (Unicode) फन्टहरुको प्रयोग भएको देखिन्छ।

४. विवादित आर्थिक वर्ष २०७२।२०७३ को का.स.मु.को सुक्ष्म अध्ययन

रिट निवेदनसाथ अदालत समक्ष पेश गरिएको २०७२।२०७३ को तत्कालिन प्र.ना.म.नि. प्रकाश अर्याल(SAMPLE 'B') र रिट निवेदक प्र.ना.म.नि. नवराज सिलवाल (SAMPLE 'A') को विवादित का.स.मु. फारमलाई सुक्ष्म रुपमा अवलोकन अध्ययन गर्ने हो भने ती कागजातमा माहत्वपूर्ण Similarities र Differences भेटिन्छन्, जसको यथोचित Interpretation गर्न जरुरी छ।

४.१ तत्कालिन प्र.ना.म.नि. प्रकाश अर्यालको का.स.मु.मा Kalimati (Unicode) नेपाली फन्ट प्रयोग भएकोछ । पूरै डकुमेन्टमा, शुरुदेखि अन्त्यसम्म एकरुपता र अनुकुल तालमेल (Uniformity and Consistency) देखिन्छ।

४.२ प्र.ना.म.नि नवराज सिलवालको का.स.मु.को पहिलो चार पानामा Utsaah (Unicode), पाँचौं पानामा Kalimati (Unicode) र छैठौं पानामा मिश्रित रुपमा Utsaah (Unicode) र Kalimati (Unicode) नेपाली फन्टहरुको प्रयोग भएका छन् । उक्त डकुमेन्टमा एकरुपता र अनुकुल तालमेल (Uniformity and Consistency) देखिदैन।

४.३ रिट निवेदक स्वयंले तत्कालिन प्र.ना.म.नि. प्रकाश अर्याल र आफ्नो वास्तविक का.स.मु. रिट निवेदनसाथ प्रस्तुत गरेको भनेबाटतत्कालिन प्र.ना.म.नि. प्रकाश अर्यालको का.स.मु. सक्कलअनुसार नै छ भन्ने पुष्टी गरेको।

४.४ रिट निवेदक प्र.ना.म.नि. नवराज सिलवालको विवादित का.स.मु.को पाँचौं पाना र तत्कालिन प्र.ना.म.नि. प्रकाश अर्यालको तेश्रो पानाको प्रकृति र फन्टहरु एउटै भएको।

४.५ रिट निवेदक प्र.ना.म.नि. नवराज सिलवालको विवादित का.स.मु.को छैठौं पाना र तत्कालिन प्र.ना.म.नि. प्रकाश अर्यालको चौथो पानाको खण्ड (३) र (४) का प्रकृति र फन्टहरु एउटै भएको र त्यसपछिका प्रकृति र फन्टहरु फरक भएको।

४.६ रिट निवेदक प्र.ना.म.नि. नवराज सिलवालको विवादित का.स.मु.को छैठौं पानालाई अध्ययन गर्दा एउटै पानामा पनि एकरुपता र अनुकुल तालमेल (Uniformity and Consistency) नभएको तर तत्कालिन प्र.ना.म.नि. प्रकाश अर्यालको खण्ड (३) र (४) सहितको चौथो पानामा भने एकरुपता र अनुकुल तालमेल (Uniformity and Consistency) भएको।

४.७ बुँदा नं. ४.४ मा उल्लेख भएअनुसार पाइएको Similarity संयोग(Coincidence) मात्र हो वा जानिबुझी (Deliberately)गरिएको हो भनी छुट्याउन उक्त पानाहरुको Table, Font, Handwriting, Spacing लगायतका elements लाई गहिरिएर हेर्दा दुवै पानाहरु एकअर्कासँग हुबहु मिल्न जान्छ जुन संयोग मात्र हो भन्न सकिंदैन।

४.८ बुँदा नं. ४.५ मा उल्लेख भएअनुसार रिट निवेदक प्र.ना.म.नि. नवराज सिलवालको विवादित का.स.मु. र तत्कालिन प्र.ना.म.नि. प्रकाश अर्यालको का.स.मु. को खण्ड (३) र (४) मा पाइएको Similarity संयोग (Coincidence) मात्र हो वा जानिबुझी (Deliberately) गरिएको हो भनी छुट्याउन उक्त पानाहरुकोउक्त खण्डहरुको Table, Font, Handwriting, Spacing लगायतका Elements लाई गहिरिएर हेर्दा दुवै पानाहरुको खण्ड (३) र (४) एकअर्कासँग हुबहु मिल्न जान्छ, जुन संयोग मात्र हो भन्न सकिंदैन।

४.९ बुँदा नं ४.४ र ४.५ मा पाइएको Similarity मध्ये हातले लेखिएका (Handwriting) अक्षरहरुलाई जाँच्दा तीनिहरुको आकार प्रकार (Size, Stroke, Slant, Curve) एकअर्कासँग हुबहु मिल्न जान्छ। साथै, अंकहरुको Alignment पनि जस्ताको तस्तै मिल्न जान्छ। हरेक Unique Characteristic पनि आपसमा हुबहु मिल्न जान्छ।

४.१० बुँदा नं. ४.४ र ४.५ मा पाइएको Similarity मध्ये Table को बनोट र Formatting हेर्ने हो भने पनिहुबहु उस्तै देखिन्छ। Table का Cells हरु, तीनका Height and Breadth एकअर्कासँग मिल्न जान्छ। Cells भित्रका Content र तीनका Alignment (Center वा Left र Top वा Center) पनि उस्तै छन्।

४.११ बुँदा नं. ४.४ र ४.५ मा पाइएको Similarity मध्ये Typeface (font) Kalimati (Unicode) रहेको। हरेक शब्दहरु, तीनको लेखाई र शुद्धाशुद्धी (ह्रस्व, दीर्घ) समेत हुवहु मिल्न गएको। सि.नं.मा अंक पछि सामान्यत: थोप्लो राख्ने चलन भए पनि दुवैमा थोप्लोको प्रयोग नभएको। खण्ड (१), (२), (३) र (४) समेतका अंकहरुमा Uncharacteristic Typing Format देखिन्छ जसले गर्दा ती अंकहरुको अगाडी र पछाडीको ब्राकेट Aligned छैन। जस्तै (१), (२), (३), र (४)।खण्ड (१), (२), (३) र (४) को Table को पहिलो Column शिर्षकमा सि.नं. को न माथिको थोप्लो दुवै का.स.मु.मा नभएको। यो संयोग हो भन्न सकिंदैन।

४.१२ बुँदा नं. ४.४ र ४.५ मा पाइएको Similarity मध्ये असम्बन्धित Special Characteristics मा Table खो खण्ड (१) को पुनरावलोकन कर्ताको मुल्यांकन Column को अन्तिम Cell र खण्ड (३) को सि.न. २ भएको Cell मा भएको थोप्लो दुवैमा प्रष्ट देखिएको।

४.१३ रिट निवेदक प्र.ना.म.नि. नवराज सिलवालको विवादित का.स.मु.को छैठौं पानाको खण्ड (३) र (४) को Table र पुनरावलोकन समितिको Table को Alignment मा फरक भएको।

४.१४ तत्कालिन प्र.ना.म.नि. प्रकाश अर्यालको चौथो पानाको खण्ड (३) र (४) को Table र पुनरावलोकन समितिको Table को Alignment मिलेको .

४.१५ रिट निवेदक प्र.ना.म.नि. नवराज सिलवालको विवादित का.स.मु.को छैठौं पानाको सुपरीवेक्षकको नामथर तथा दस्तखत लेखिएको स्थानमा गहिरिएर हेर्दा दस्तखतको ठिक माथि अक्षर ('त' र 'ख'को अंश) Overwrite भएको।

४.१६ तत्कालिन प्र.ना.म.नि. प्रकाश अर्यालको का.स.मु.को पाँचौं पाना र रिट निवेदक प्र.ना.म.नि. नवराज सिलवालको विवादित का.स.मु.को छैठौं पानालाई एउटै स्केलमा एकअर्को माथि राखेर (Superimposition) हेर्दा खण्ड (३) र (४) को भागहरु हुबहु एकआपसमा मिलेको देखिन्छ तर अन्य भागको छुट्टाछुट्टै अस्तित्व प्रष्ट देखिएको।

४.१७ तत्कालिन प्र.ना.म.नि. प्रकाश अर्यालको का.स.मु.को शिर र पुछारमा रहेका हस्ताक्षरहरुलाई हेर्ने हो भने सुपरीवेक्षकको रुपमा तत्कालिन प्र.अ.म.नि. प्रतापसिंह थापाले हस्ताक्षर गरेको देखिन्छ र पुनरावलोकनकर्ताका रुपमा तत्कालिन प्र.म.नि.

उपेन्द्रकान्त अर्यालले हस्ताक्षर गरेको देखिन्छ। रिट निवेदनसाथ संलग्न छायाँप्रतिको प्रमाणित प्रतिलिपिमा नै पुनरावलोकन समितिका सदस्यहरुको हस्ताक्षर सहितको विवरण राम्ररी नदेखिएको र सक्कल कागजातहरु सिलबन्दी गरी सुरक्षित गरिएकोले सो सम्बन्धमा उल्लेख गर्न सकिने अवस्था नरहेको।

४.१८ रिट निवेदक प्र.ना.म.नि. नवराज सिलवालको विवादित का.स.मु. मा सुपरीवेक्षक तत्कालिन प्र.ना.म.नि. विरेन्द्र बाबु श्रेष्ठको मात्र हस्ताक्षर हुनु पर्नेमा अनावश्यक ठाउँमा पुनरावलोकन समितिका गृह सचिव लोकदर्शन रेग्मी र तत्कालिन प्र.म.नि. उपेन्द्रकान्त अर्यालको पनि हस्ताक्षर कपी भएको देखिन्छ।

४.१९ रिट निवेदक प्र.ना.म.नि. नवराज सिलवालको विवादित का.स.मु. मा पुनरावलोकनकर्ता तत्कालिन प्र.म.नि.उपेन्द्रकान्त अर्यालको मात्र हस्ताक्षर हुनु पर्नेमा सुपरीवेक्षक तथा पुवरावलोकन समितिका सदस्य प्र.अ.म.नि. विरेन्द्र बाबु श्रेष्ठको अनावश्यक ठाउँमा हस्ताक्षर कपी भएको देखिन्छ।

४.२० रिट निवेदक प्र.ना.म.नि. नवराज सिलवालको विवादित का.स.मु. मा पुनरावलोकन समितिमा रहेका तीनजनाको हस्ताक्षर हुनु पर्नेमा गृह सचिव लोकदर्शन रेग्मी एकजनाको मात्र हस्ताक्षर गरेको देखिन्छ र अन्य सदस्यहरु प्र.अ.म.नि. विरेन्द्र बाबु श्रेष्ठ र तत्कालिन प्र.म.नि. उपेन्द्रकान्त अर्यालको हस्ताक्षर देखिदैन।

उल्लेखित बुँदाहरुबाट प्रस्तुत का.स.मु. हरुमा पाइएको Similarities and Differences हुनु संयोग मात्र हो भन्ने अवस्था देखिंदैन, र हुबहु मिल्न गएको अंशले हाल सम्मानित सर्वोच्च अदालतमा पेश भएको रिट निवेदनको पक्षमा वा विपक्षमा निर्णायक भूमिका खेल्ने निश्चित छ। तसर्थ, प्रस्तुत का.स.मु. मध्ये कुन वास्तविक हो ? त्यो यकिन हुनै पर्दछ। सम्मानित सर्वोच्च अदालतले लोक सेवा आयोग, गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयबाट झिकाएको सक्कल का.स.मु.बाट हाल रिट निवेदनसाथ पेश गरिएको का.स.मु. मध्ये कुन वास्तविक हो सप्रमाण पत्ता लागिहाल्नेछ।

साथै, रिट निवेदक स्वयंले नै रिट निवेदनसाथ संलग्न राखेको तत्कालिन प्र.ना.म.नि. प्रकाश अर्यालको का.स.मु. हरु वास्तविक भएको भनी रिट निवेदनमा नै उल्लेख गरेको र निज तत्कालिन प्र.ना.म.नि. प्रकाश अर्यालको का.स.मु.मा Uniformity र Consistency रहेको देखिन्छ। तर रिट निवेदक प्र.ना.म.नि. नवराज सिलवालले आफ्नो वास्तविक भनी संलग्न राखेको विवादित का.स.मु. मा देखिएको भिन्नता(Variation) तथा अन्य विशेषताहरुलाई मध्यनजर गर्दा शंका गर्नु पर्ने पर्याप्त कारणहरु छन्।

५. रिट निवेदक प्र.ना.म.नि. नवराज सिलवालको विभिन्न मिडियालेमन्त्रिपरिषदमा पेश गरेको नक्कली (SAMPLE 'A1') र अदालतमा पेश गरेको सक्कली (SAMPLE 'A2') भनी सार्वजनिक भएका आर्थिक वर्ष २०७२।२०७३ को का.स.मु.हरु को सुक्ष्म अध्ययन

> *नेपाल सरकारकोमन्त्रिपरिषदको मिति २०७३।१२।२८ गतेको निर्णयले नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदमा प्रकाश अर्यालेलाई नियुक्त गरेको विषयलाई लिएर अनलाईन पत्रिका www.suvadin.comले नवराज सिलवाललाई रोक्न मन्त्रिपरिषदमा "नक्कली कार्यसम्पादन फाइल" भन्ने शिर्षकमा (http://suvadin.com/news/power-and-politics/nawaraj-silwal) मिति २०७३।१२।२८ (April 10, 2017) गते प्रकाशित समाचारमा मन्त्रिपरिषदमा पेश गरिएको र अदालतमा पेश गरिएको भन्ने छुट्टा छुट्टै का.स.मु.हरु अपलोड गरिएका छन् । उक्त समाचारमा राखिएको का.स.मु. फारमको छैठौं पानाका अंशहरु सहित प्रकासित समाचारलाई उद्दृत गरी Online News Portal हरुमा समाचार प्रकाशित भए:*
>
> *मिति २०७३।१२।२९ (April 11, 2017)*
> *www.webnewsnepal.com (http://webnewsnepal.com/नवराज-सिलवाललाई-रोक्न-मन/),*
> *मिति २०७३।१२।३० (April 12, 2017)*
> *www.chakrapath.com (http://www.chakrapath.com/content/category/prashasan-news/10),*
> *www.muldharnews.com (http://muldharnews.com/content/igp-ma-sarkar-cataxulla.html),*
> *www.drishtinews.com (http://www.drishtinews.com/content/igp-scyandal.html)*
> *www.setokhabar.com (http://www.setokhabar.com/news/23661)*
> *मिति २०७३।१२।३१ (April 13, 2017)*
> *www.news24nepal.tvको भिडियो (https://www.youtube.com/watch?v=JZyfLpycT24)*
> *मिति २०७४।०१।०१ (April 14, 2017)*
> *www.news24nepal.tv(http://www.news24nepal.tv/2017/04/14/137876)*
> *www.khabarquick.com.np (http://khabarquick.com.np/?p=927)*
>
> *प्रकाशित लेखले दुईवटा प्रश्नहरु उब्जाएका छन् जसको अनुसन्धान हुनु आवश्यक छः*
>
> - *गोप्य रहनु पर्ने का.स.मु. कहाँबाट, कुन सुत्रबाट बाहिर गयो?*
> - *अपलोड गरिएका का.स.मु. मा उल्लेखित विवरणहरु कसरी फरक भए ?*

www.suvadin.com(http://suvadin.com/news/power-and-politics/nawaraj-silwal) मा अपलोड गरिएका रिट निवेदक नवराज सिलवालको मन्त्रिपरिषदमा पेश गरेको (नक्कली भनिएको) का.स.मु. र अदालतमा पेशगरेको (सक्कली भनिएको) का.स.मु. मा क्रमशः ३८ अंक र ४० अंक रहेको पाइएकोले ती दुवै का.स.मु.हरुको वास्तविकता पहिचान गर्नु पनि जरुरी छ ।

५.१ प्रस्तुत् का.स.मु. फारमहरुलाई Physically अध्ययन गर्दा दुवै का.स.मु.को पहिलो ४ पानामा कुनै पनि भिन्नता नदेखिएको । दुवैमा नेपली फन्ट Utsaah (Unicode) प्रयोग भएको ।

५.२ अदालत पठाएको भनिएको का.स.मु.को पानाहरु मध्ये पहिलो ४ पानाका फन्टसँग पाना ५ को फन्ट नमिलेको, फरक रहेको । पहिलो चार पानाको फन्ट Utsaah (Unicode) हो भने पाँचौं पानाको फन्ट Kalimati (Unicode) हो ।

५.३ अदालत पठाएको भनिएको का.स.मु.को पानाहरु मध्ये पहलो ४ पानाका फन्टसँग पाना ६ को केहि फन्टहरु मिलेको र केही नमिलेको । छैठौं पानाको खण्ड (३) र (४) मा Kalimati (Unicode) फन्टको प्रयोग भएको, बाँकीमा Utsaah (Unicode) फन्ट प्रयोग भएको ।

५.४ अदालत पठाएको भनिएको का.स.मु.को पानाहरु मध्ये छैठौं पानामा प्राप्तांकको अंश र अन्य भागको फन्ट नमिलेको, फरक रहेको । पाँचौ पानाको पूरै भागमा (प्राप्तांक समेटिएको भाग)र छैठौं पानाको प्राप्तांकको लेखिएको भागमा प्रयोग गरिएको फन्ट Kalimati (Unicode) भएको ।

५.५ अदालत पठाएको भनिएको का.स.मु.को पानाहरु मध्ये पाना ६ को सुपरीवेक्षकको नामथर मुनी दस्तखत भनी लेखिएको स्थानमा, 'त' र 'ख'को अंश, Overwrite भएको सपष्ट देखिएको ।

५.६ अदालत पठाएको भनिएको का.स.मु.को पानाहरुको Table, Font,Spacing लगायतका elements लाई गहिरिएर हेर्दा प्रस्तुत डकुमेन्टमा एकरुपता र अनुकुल तालमेल (Uniformity and Consistency) नभएको ।

५.७ मन्त्रिपरिषद पठाएको भनिएको का.स.मु.को पानाहरुमा रहेको Table, Font,Spacing लगायतका Elements लाई गहिरिएर जाँच गर्दा प्रस्तुत डकुमेन्टमा एकरुपता र अनुकुल तालमेल (Uniformity and Consistency) भएको पाइएको ।

५.८ अदालत पठाएको भनिएको र मन्त्रिपरिषद पठाएको भनिएको का.स.मु. फारमहरुमा अंक प्रदान गरिएको पृष्ट ५ को पूरै र अंक प्रदान गरिएको पृष्ठ ६ को खण्ड (३) र (४) बाहेक अन्य सबै फन्ट, स्पेसिङ, शब्दावली तथा लेखन एक अर्कासँग हुबहु मिलेको ।

५.९ अदालत पठाएको भनिएको र मन्त्रिपरिषद पठाएको भनिएको का.स.मु. फारमहरुको छैठौं पानालाई भिडाईहेर्दा खण्ड (३) र (४) को भाग बाहेकका सबै Elements एकआपससँग मिलेको तर खण्ड (३) र (४) को भागमा रहेका Elements प्रष्ट रुपमा भिन्दाभिन्दै देखिएको ।

अदालत पठाएको भनिएको (SAMPLE 'A1') का.स.मु. फारममा बदनियतपूर्वक प्राप्तांकको अंशलाई कम्प्युटरद्वारा छुट्टा छुट्टै स्क्यान गरेर वा Photo Editing Software प्रयोग गरेर परिवर्तन गरेको देखिएको । तर, मन्त्रिपरिषदमा पेश गरेको भनिएको (SAMPLE 'A2') का.स.मु. फारममा देखिएको एकरुपता र अनुकुल तालमेल (Uniformity and Consistency) लाई मध्यनजर गर्दा नक्कली भन्न सकिने अवस्था छैन ।

६. आर्थिक वर्ष २०७२।२०७३ को का.स.मु.को सुक्ष्म अध्ययन

आर्थिक वर्ष २०७२।७३ को का.स.मु.को रुपमा अनलाइन (www.suvadin.com) मा आएको २ वटा र रिट निवेदनसाथ पेश गरिएको २ वटा गरी चार वटा डकुमेन्टहरु देखिएका छन् जस मध्ये तत्कालिन प्र.ना.म.नि. प्रकाश अर्यालको एउटा र रिट निवेदक प्र.ना.म.नि. नवराज सिलवालको तीन वटा ।

बुँदा नं. ४ मा सम्मानित अदालतमा रिट निवेदकले प्र.म.नि. प्रकाश अर्याल र आफ्नो (प्र.ना.म.नि. नवराज सिलवाल) भनी पेश गरेको का.स.मु. ---------- थान २ (दुई)

बुँदा नं. ५ मा मिडिया मार्फत सार्वजनिक भएका प्र.ना.म.नि. नवराज सिलवालको अदालतमा पेश गरेको भनिएको र मन्त्रिपरिषदमा पेश गरिएको का.स.मु. ---------- थान २ (दुई)

प्र.ना.म.नि. नवराज सिलवालको का.स.मु.- पेश गरेको	SAMPLE 'A'----------	रिट निवेदकले वास्तविक भनी अदालत
प्र.ना.म.नि. नवराज सिलवालको का.स.मु.- मिडियाद्वारा प्रकाशित	SAMPLE 'A1'----------	अदालतमा पेश गरिएको सक्कली भनी
प्र.ना.म.नि. नवराज सिलवालको का.स.मु.- मिडियाद्वारा प्रकाशित	SAMPLE 'A2'----------	मन्त्रिपरिषदमा पेश गरिएको नक्कली भनी
प्र.म.नि. प्रकाश अर्यालको का.स.मु.- पेश गरेको	SAMPLE 'B'----------	रिट निवेदकले वास्तविक भनी अदालत

६.१ बुँदा नं. ४ र ५ अनुसार रिट निवेदकले वास्तविक भनी अदालत पेश गरेको SAMPLE 'A' र मन्त्रिपरिषदमा पेश गरिएको नक्कली भनी मिडियाद्वारा प्रकाशित SAMPLE 'A1'लाई गहिरिएर हेर्दा दुवै डकुमेन्टको हरेक फन्ट, Table, Handwriting, Spacing, लगायतका सम्पूर्ण Characters तथा Elements एकअर्कासँग पूरै मेल खाएको, र SAMPLE 'A' एवं SAMPLE 'A1' लाई भिडाई हेर्दा सम्पूर्ण Characters तथा Elements एकअर्कामाविलय भएकोले डकुमेन्टएउटै हो भन्न सकिन्छ।

६.२ बुँदा नं. ५ मा उल्लेखित मन्त्रिपरिषदमा पेश गरिएको प्र.ना.म.नि. नवराज सिलवालको नक्कली का.स.मु. (SAMPLE 'A2') भनी मिडियाद्वारा प्रकाशित का.स.मु. का सम्पूर्ण Characters तथा Elements मा Uniformity र Consistency का साथै अन्य विशिष्ट विशेषता रहेकोले नक्कली हो भन्ने अवस्था देखिदैन।

६.३ बुँदा नं. ४ मा उल्लेखित रिट निवेदकले वास्तविक भनी अदालतमा पेश गरेको तत्कालिन प्र.ना.म.नि. प्रकाश अर्यालको का.स.मु.(SAMPLE 'B') का सम्पूर्ण Characters तथा Elements माUniformity र Consistency का साथै अन्यविशिष्ट विशेषता रहेकोले नक्कली हो भन्ने अवस्था देखिदैन।

६.४ बुँदा नं. ६.२ र ६.३ मा उल्लेखित SAMPLE 'A2' र SAMPLE 'B' को Content Analysis गर्दा बुँदा नं. ६.१ माउल्लेखित किर्ते गरेको मनासिव कारण समेत देखिएको SAMPLE 'A' वा SAMPLE 'A1' कम्प्युटरबाट उत्पादन हुनसक्ने देखिन्छ। तर, SAMPLE 'A2' वा SAMPLE 'B' भने त्यसरी (Copy/Paste गरी) उत्पादन गर्न सकिने सम्भावना न्युन रहेको।

६.५ बुँदा नं. ४.१६ मा उल्लेख भएअनुसार तत्कालिन प्र.ना.म.नि. प्रकाश अर्यालको का.स.मु.मा सुपरीवेक्षक तथा पुनरावलोकनकर्ताले लेखेको विवरण र हस्ताक्षर जसरी हुनु पर्ने हो त्यही देखिन्छ।

६.७ बुँदा नं. ४.१७, ४.१८ र ४.१९ मा उल्लेख भएअनुसार रिट निवेदक प्र.ना.म.नि. नवराज सिलवालको विवादित का.स.मु.मा सुपरीवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिका सदस्यहरुले विवरण लेखी हस्ताक्षर गर्दा जसरी हुनु पर्ने हो त्यो देखिदैन।

७. निष्कर्ष

रिट निवेदकले सम्मानित अदालत समक्ष रिट निवेदन साथ सम्लग्न राखी पेश गरेको का.स.मु.हरु मध्ये आर्थिक वर्ष २०७२।२०७३ को का.स.मु.हरुको सुक्ष्म अध्ययनबाट रिट निवेदक प्र.ना.म.नि. नवराज सिलवालको का.स.मु. को छायाँप्रतिको सक्कल कहिकतै Exist गर्छ भन्न सकिने आधार छैन । त्यसैले उक्त अदालत समक्ष पेश गरिएको ४० प्राप्तांक उल्लेख भएको प्र.ना.म.नि. नवराज सिलवालको का.स.मु.को छायाँप्रति नक्कली भएको प्रमाणित गर्ने निम्न आधारहरु छन्:

७.१ बुँदा नं. ४ अनुसार प्रस्तुत का.स.मु. हरुमा पाइएको Similarities and Differences हुनु संयोग मात्र हो भन्ने अवस्था देखिँदैन, र हुबहु मिल्न गएको अंशले हाल सम्मानित सर्वोच्च अदालतमा पेश भएको रिट निवेदनको पक्षमा वा विपक्षमा निर्णायक भूमिका खेल्ने निश्चित छ । तसर्थ, प्रस्तुत का.स.मु. मध्ये कुन वास्तविक हो ? त्यो यकिन हुनै पर्दछ । सम्मानित सर्वोच्च अदालतले लोक सेवा आयोग, गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयबाट झिकाएको सक्कल का.स.मु.बाट हाल रिट निवेदनसाथ पेश गरिएको का.स.मु. मध्ये कुन वास्तविक हो सप्रमाण पत्ता लागिहाल्नेछ ।

७.२ रिट निवेदक स्वयंले नै रिट निवेदनसाथ संलग्न राखेको तत्कालिन प्र.ना.म.नि. प्रकाश अर्यालको का.स.मु. वास्तविक भएको भनी रिट निवेदकले नै पेश गरेको र प्र.म.नि. प्रकाश अर्यालको का.स.मु.मा Uniformity र Consistency देखिएको । तर रिट निवेदक प्र.ना.म.नि. नवराज सिलवालले आफ्नो वास्तविक भनी संलग्न राखेको विवादित का.स.मु. मा देखिएको भिन्नता (Variation) तथा अन्य विशेषताहरुलाई मध्यनजर गर्दा शंका गर्नु पर्ने पर्याप्त आधारहरु छन् ।

७.३ अनलाइनमा प्रकाशित भई अदालत पठाएको भनिएकोप्र.ना.म.नि. नवराज सिलवालको का.स.मु. (SAMPLE 'A1')फारममा बदनियतपूर्वक प्राप्तांकको अंशलाई कम्प्युटरद्वारा छुट्टा छुट्टै स्क्यान गरेर वा Photo Editing Software प्रयोग गरेर परिवर्तन गरेको हुन सक्ने भनी शंका गर्नु सकिने प्रशस्त कारण भएको । तर, मन्त्रिपरिषदमा पेश गरेको भनिएको प्र.ना.म.नि. नवराज सिलवालको का.स.मु. (SAMPLE 'A2') फारममा देखिएको एकरुपता र अनुकुल तालमेल (Uniformity and Consistency) लाई मध्यनजर गर्दा नक्कली भन्न सकिने अवस्था छैन ।

७.४ SAMPLE 'A2' र SAMPLE 'B' को Content Analysis गर्दा SAMPLE 'A' वा SAMPLE 'A1' कम्प्युटरबाट उत्पादन गर्न सकिन्छ । तर, SAMPLE 'A2' वा SAMPLE 'B' भने त्यसरी (Copy/Paste गरी) उत्पादन गर्न सकिने सम्भावना रहदैन ।

७.५ रिट निवेदक प्र.ना.म.नि. नवराज सिलवालले रिट निवेदनसाथ संल्गन राखी पेश गरेको विवादित का.स.मु. SAMPLE 'A' फारममा सुपरीवेक्षक, पुनरावलोकनकर्ता र पुनरावेदन समितिका सदस्यहरुले लेखेको विवरण र हस्ताक्षरबीच तालमेल नै नमिलेको देखिएकोले पूरै शंका गर्नु पर्ने देखिन्छ ।

७.६ गोप्य रहनु पर्ने का.स.मु. फारमहरु कहाँबाट मिडियामा गयो भन्ने कुरा पनि रिट निवेदनसाथ निवेदक प्र.ना.म.नि. नवराज सिलवालले अदालत समक्ष पेश गरेको पुष्टि भैसकेको अवस्था र प्रकाशित सामाग्रीको सारलाई ध्यान दिने हो भने निवेदक प्र.ना.म.नि. नवराज सिलवाल प्रहरी महानिरीक्षक हुनु पर्छ भनी लागिपरेका, पत्रकारको आचारसंहिता समेत पालना नगरी उनकै पक्षमा जे-जस्तो समाचार पनि प्रकाशित गर्दै आएकाले Online Website हरुलाई ती गोप्य रहनु पर्ने कागजात निज रिट निवेदकले नै दिएको हुनसक्ने पर्याप्त संभावना देखिन्छ । तर, निज निवेदकले कहाँबाट र कसरी प्राप्त गरी किर्ते गरेको भन्ने विषयमा अनुसन्धान हुनु जरुरी छ ।

८. अनुसन्धान तथा कारवाही

सम्मानित सर्वोच्च अदालतमा पेश गरिएको निवेदन नवराज सिलवालको आ.व.२०७२।७३ को का.स.मु.को प्रतिलिपि नक्कली देखिएको हुँदा थप अनुसन्धान कारवाही अगाडी बढाउनु पर्ने देखिन्छ।

अनुसूची १
(बुँदा नं. ३ बमोजिमको विवरण)

का.स.मु.मा प्रयोग गरिएका नेपाली फन्टहरु

सि.नं.	फन्टको नाम	प्रकार	फन्टको नमूना	कैफियत
१.	Kalimati	NU	भगवान गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनी नेपालमा पर्दछ ।	प्र.म.नि. प्रकाश अर्यालको कासमु
२.	Utsaah	NU	भगवान गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनी नेपालमा पर्दछ ।स	प्र.ना.म.नि. नवराज सिलवालको कासमु
३.	Preeti	N/U	भगवानगौतम बुद्धको पवित्रजन्मस्थललुम्बिनी नेपालमा पर्दछ ।	
४.	Kokila	NU	भगवान गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनी नेपालमा पर्दछ।	
५.	Mangal	NU	भगवान गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनी नेपालमा पर्दछ ।	

NU=Nepali Unicode, N/U=Non-Nepali Unicode